## *जयपृथ्वी नगरपालिका प्रथम नगरसभामा प्रस्तुत वजेट,नीति तथा कार्यक्रम बक्तव्य*

**प्रथम ऐतिहासिक नगर सभालाई महत्व दिएर नगर सभाको सोभा वढाउन उपस्थित माननीय प्रमुख अतिथि ज्यू, बिशिष्ट अतिथिज्यू, अतिथि ज्यूहरु जिल्ला स्थित राजनैतिक दलका प्रमुख तथा प्रतिनिधी ज्यूहरु, कार्यालयका प्रमुख ज्यूहरु र सभामा उपस्थित नगरपालिकाका उपप्रमुख ज्यू, लगायत नगर सभाकासभासद ज्यूहरुर नगरपालिकाका कर्मचारी मित्रहरु, पत्रकार बन्धुहरु सुरक्षकर्मी साथीहरु तथा उपस्थित सम्पुर्ण नगरवासी दिदी बहिनी तथा दाजु भाईहरुमा हार्दिक अभिबादन ।**

सर्बप्रथम देश निर्माण र लोकतान्त्रिक शासन व्यवस्था निर्माणको क्रममा वि.सं . २००७ साल देखि गणतन्त्र स्थापनाकाल सम्म नेपालआमाका थुप्रै सपुतहरुले बलिदानी पूर्ण संघर्ष र सहादत प्राप्त गर्नु भएको छ । यस महत्व पूर्ण घडीमा म सम्पूण बीर शहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्न चाहन्छु ।

हामी अहिले २०७२ सालको संबिधान निर्माण पाश्चात जनताको आफ्नै सरकार स्थानिय तहलाई उपलब्ध अधिकार कार्यान्वयन र संविधान कार्यान्वयन गर्ने काममा लागि परेका छौ ।संबिधान कार्यान्वयनको साथै गणतन्त्र स्थापना लागि वा यसलाई कार्यान्वयन गर्न जनतावाट चुनिएका जनप्रतिनिधीहरुले सासन गर्ने विधि र व्यबस्थालाई लोकतन्त्र भनिन्छ र संसारभर यस व्यबस्थाको बिकल्प छैन । स्थानिय सरकारको अर्थ पनि गाउंपालिका, नगरपालिका र जिल्ला समन्वय समितिमा जनताले सिधै देख्न सक्ने,बोल्न सक्ने, सम्पर्क गर्न सक्ने र आफ्नो बिकास , प्रसाशन,सेवा, सहयोगि र सुरक्षा केन्द्रको रुपमा लिने गरिन्छ ।

यसैले नेपालको संबिधान २०७२ ले परिकल्पना गरेको स्थानिय तह कार्यान्वयनका लागि गम्भिरता पूर्बक ध्यान दिनु आवस्यक छ । यसकालागि संघ,प्रदेस र स्थानिय तहमा स्वच्छ र धांदलि रहित निर्बाचनको प्रत्याभूति हुन आवस्यक छ।

देशमा संघिय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन हुदै गर्दा देशले महांभूकम्प, नाकावन्दी र बाढी पिडितका ठूला धटनाहरु सहनु परेकोव्यथा यहांहरु सबै लाई अवगतै छ । अझै पनि हामी बाढी पहिरो, अतिबृष्टी अनाबृष्टी र बिस्व जलवायु परिबर्तन आदि समस्या बाट गुजरदै गईरहेका छौ । हामी यो नगरसभा सम्पन्न गर्दै गर्दा हाम्रो सोच **“जयपृथ्वी नगरबासीको परिकल्पना स्वच्छ, सम्बृद्द र समपन्न नगरपालिका हाम्रो चाहाना ”** भन्ने मूल नारामा केन्द्रित रहेको छौ । यस महत्वपूर्ण घडीमा यस न.पा.को समग्र बिकासलागि यस आ.ब. २०७४।०७५ बार्षिक नीति कार्यक्रम र वजेट यस सम्मानित सभामा प्रस्तुत गर्न पाउंदा खुशी र गर्भको अनुभुति गरिरहेको छु ।संबिधानतः स्थानिय सरकारको रुपमा पहिलो पटक वजेट, नीति र कार्यक्रम प्रस्तत हुने यस सभालाई महत्व दिएर सभाकोसोभा बढाई यस लाई सम्पनन गर्न आ आफ्नो भुमिका खेल्नुहुने तपाई प्रमुख अतिथि, अतिथि, नगर वासि लगायत सभासद मित्रहरु सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

वि.सं २०७१ बैशाग २५ गते नेपाल सरकार मन्त्रीपरिषदको निर्णय अनुसार नेपालका ७२ नगरपालिका संगै यस न. पा.को समेत धोषणा भएको कुरा जानकारी गराउन चाहन्छु ।

उच्च हिमाली जिल्ला बझाङ्गको पहाडी भू भागमा अबस्थित यस न.पा. मा साबिकका पांच बटा गा.बि.स.हरु चैनपुर,रिठापाटा,सुवेडा,हेमन्तवाडा र लुयाटालाई समायोजन गरि नगरपालिका संचालन भएकोमा पुनः स्थानियतह निर्धारण आयोगको प्रतिवेदन वमोजिम मिति २०७३ साल फागुनमा कैलास गा.बि.स. समेतलाई नगरपालिकामा गाभि यसको कार्यक्षेत्र बढ्न गएको ब्यहोरा सर्बबिदितै छ ।

१६६.७९ वर्ग कि.मि क्षेत्रफल भएको यस न.पा. को पूर्बमा मष्टा गाउंपालिका र तलकोटगाउं पालिका, उत्तरमा सूर्मा गाउपालिका, पश्चिममा छबिसपाथिभरा गाउंपालिका र थलारा गाउंपालिका र दक्षिणमा खप्तड छान्ना गाउंपालिका र वाजुराको सिमाना पर्दछ ।वडा नं १ देखि ११ सम्म बडाहरु रहेको यस नगरपालिकाको हाल सम्मको जनसंख्या २५०५१ रहेको दखिन्छ भने सो मध्ये महिला जनसंख्या १२३०४ छ भने पुरुषहरुको संख्या १२७४७ रहेको देखिन्छ । नगरपालिका भित्र काम काज गर्न सक्ने युबा युबतीहरुको संख्या हेर्नेहो भने बैदेशिक रोजगारमा गएका युबा युबती संख्या १३४४ घटाइ बांकी रहने ९९७४ संख्या यस न.पा. को बिकास निर्माण काम गर्न यथेष्ठ जनसंख्या हो ।

**आदरणीय प्रमुख अतिथि,अतिथिगण तथा सभासद मित्रहरु**

यस पछि म यस नगरपालिकाका वस्तिहरु,स्वास्थ्य संस्था ,बिद्यालयहरुका बारेमा थोरै प्रकाश पार्न चाहन्छु ।

नगरबासीहरुको वस्तिगत बिवरण हेर्दा यस न. पा. मा जम्मा  घरधुरी संख्या ३४६५ रहेको छ भने बडा गतरुपमा बस्तिहरु यस अनुसार रहेका छन् ।

वडा नं १) पिमी,भडार,चिउरी,सुन्दरवाडा, जेठावाडा, जोगेनी, चौकावस्ति, माथिगाउ र दलित बस्ति ।

वडा नं २)बांझगांउ, मोर्तोली,मतारवाडा,साउतवाडा,दौल्यालवाडा र डिल्ल्यावाडा ।

वडान ं३) हेमन्तवाडा, वलीवाडा, ऐंडीवाडा, दमाईटोल, रोकायावाडा, वखेडाटोल, सार्कीवाडा, सुनारवाडा, ओडवाडा, ल्वारवाडा, केतुवाडा, बिष्टवाडा, जेठावाडा, पान्डेटोल, दालवाडा, बयाडीगांउ, माझिल्लीवाडा, दौलाहा, सिमलतोला र बारभिटा ।

वडानं४) खातीवाडा, जोशीवाडा, दमाईवाडा, गोलाई, बजालवाडा,अदुकालीवाडा, गडखेत र बिउंराडी ।

वडानं५) बस्टी, माझेसैन, लुयांटा, कोटेली, हितनवाडा, सार्कीवाडा, रतालीवाडा, डिल, ल्वारवाडा, जैसीवाडा, कुमाईवाडा, र सुतिया ।

वडा नं ६) नौरा, सेली कठायतवाडा, राजवाडा, मल्लावाडा, गोठालेखेत, फुटा ढुंङ्गा र काप्प्रा ।

वडानं ७) तमैल बजार, छयाला,जुवाडा, धम्नाउं,खगेडा,रताली लाम्पाटा, सुन्यालवाडा, कचालीखोला, बगडीर चौपाख्या ।

वडानं ८) वारिल, खारावगर, सेलाखेत सिराडी, ग्वानी, सल्ल्याना, काप्रा, जोशीगाउं, पैयातोला र पानीपाटा ।

वडा नं ९) देबलजाग्रीवाडा,परिवाडा, खोलावाडा, रिठापाटा, कठायतवाडा, घोडाबेगाउंना, सिमखेत र चौड ।

वडानं १०) कुंचा, पाडेसैन, धमेनागाउं, खलापाटा, खेईरा, कुलालीगाउं, दम्धुर, तिखा ढुङ्गा, माधुकाटिया र चैनपुर ।

वडानं. ११) बुराउंसे, मयाना, सुईल, भोपुर, साईलावगर, रुईनाबगर, काप्रिकोट, डांडागाउं धामीलेक र पिठालेख ।

त्यसैगरि जात जातीको कुरा गर्दा यस नगरपालिका भित्र जोसी, सुवेदी, उपाध्याय, वजाल, कोईराला, जैसी, सिंह, बम्म, शाही, खड्का, धामी, बिष्ट्, थापा, बोहरा, कठायत, जाग्री, खत्री, भण्डारी, जेठारा,

रोकाया, छत्याल, गिरी, पुरी, नेवार जोसी , श्रेष्ठ, दमाई, कामी, शार्की, ओखेडा , लोहार , ओड , साहु, बादी, मिजार आदि जात जातीका मानिसहरु बसोबास गर्दछन् ।

**स्वास्थ्य संस्थाहरु**

१)अस्पताल १

२)आयुर्बेद केन्द्र १

३) निजी अस्पताल १

४) स्वास्थ्य चौकी ६

५) सहरी स्वास्थ्य केन्द्र २

**बिद्यालय, क्याम्पस (शिक्षण संस्थाहरु)**

१)क्याम्पस १ वटा

२)उच्च माध्यामिक बिद्यालय ६ वटा

३)माद्यामिक बिद्यालय १ वटा

४) निम्न माद्यामिक बिद्यालय १० वटा

५) प्राथमिक बिद्यालय ३८ वटा ।

**नगरसभामा उपस्थित मित्रहरु**

ऐतिहाशिक व्यक्ति मानवताबादी व्यक्ति जयपृथ्वी बहादुर सिंहको नामले परिचित, मनोरम हिमाली जिल्ला बझाङ्गको सदरमुकाम, बिभिन्न कृषि उर्बर भुमीहरु जस्तै देबल,सुबेडा,पणे्स,भोपुर,भणांर ज्यूलाहरु, कैलास गुफा,कालाढुङ्गा,चुलीटिका,वारिल,सिद्धमनाना, ऋषि कुण्ड जस्ता पर्यटन केन्द्रहरु, सुर्मा मन्दिर,नवादेब माणु,कालिका मन्दिर,नाननदेब मन्दिर,दुधिर माण्डौ जस्ता मन्दिरहरु र ,
हात्तिसार दरबार , भोपुर दरबार दरबार जस्ता भवनहरु,सेती नदी,बाउलीगाड,सुनी गाड, गोलाई गाड कचाली खोला, डुङ्गरीगाड, डिलगाड, वारिल छडा जस्ता नदी तथा खोलाको जलश्रोत साथै खोपडे धुली सडक संरचना कैलास मान सरोवर जाने नजिकको गन्तव्य केन्द्रआदि प्रसस्त पर्यटकिय सम्भावना देखिन्छ ।

जयपृथ्वी नगरपालिको स्थापना भएको करिव चार आर्थिक बर्ष सम्पन्न भैसकेका छन् । अझै यस न.पा.का सबै वडाकेन्द्र जोडने सडकको व्यवस्थागर्न सकेका छैनौ, दूर्गम हिमाली जिल्लाको न.पा. भएकोले आन्तरिक आम्दानी निक्कै कम (करिब रु.२० लाख ) भएको, बिभिन्न पूर्वाधारहरु जस्तै बिद्युत, शिंचाई, खानेपानी,कृषि,पर्यटन, शिक्षा, स्वास्थ्य, र वाताबरण संरक्षणमा अपेक्षित बिकास हुन सकेको छैन । अझै हामीहरुले महिला,बालबालिका,दलित, पिछडियको क्षेत्रको आर्थिक र सामाजिक बिकासमा अपेक्षित रुपमा बिकास गर्न सकेका छैनौं । बिभिन्न दैबी तथा मानब निर्मित संरचनाहरु बाट हुने प्रकोप ब्यबस्थापन र संरचना निर्माणका लागि भरपर्दो ब्यबस्थागर्न बांकी नै छ ।

अतः **आदरणीय महानुभावहरु** प्रकोपबाट नगर बासीलाई बचाउन ब्यबस्थित संरचना निर्माण गर्न बाकी नैरहेको अबस्थामा भुकम्प प्रतिरोधी घर निर्माणका लागि जनताहरु सबै जागरुक र सचेत हुनु जरुरी हुन्छ र न.पा.ले लागु गर्न खोजेको भवन निर्माण आचार संहिताको समेत पालना गरि कार्यान्वयन गर्नु आबस्यक छ ।

माथि उल्लेखित यस न.पा. का सवलपक्ष, कमजोर पक्ष र यथार्थ अबस्थाको बिश्लेषण गर्दै निम्न उल्लेखित आधारमा तयार पारिएको यस बजेट,योजना र कार्यक्रमले यस न.पा. को बिकासमा महत्वपूर्ण योगदान गर्ने छ भन्ने बिश्वास लिएको छु ।

**वजेट नीति तथा कार्यक्रमका आधारहरु :**

- नेपालको संबिधन २०७२ , निर्देशक सिदान्त र नीतिहरु ।
- चौधौ योजनाले परिलक्षित गरेका राष्ट्रिय प्रतिबद्दता र लक्षहरु ।
- स्थानिय स्वायत्तसाशन ऐन २०५५ , नियमावली २०५६, आर्थिक नियमावली २०६४
- अन्तर सरकारी बित्तिय हस्तान्तरण स्थानिय तह आ.व. २०७४।०७५
- स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ।
- नेपाल सरकार संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालयले समय समयमा जारी गरिएका मार्गदर्शन र निर्देशनहरु ।
- यस अघि सम्पन्न भएका नगर परिषदले पारित गरेका बजेट, नीति र कार्यक्रमहरु ।
- बस्तिस्तर , वार्ड स्तर , बिषयगत समितिहरु, राजश्व परामर्श समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, श्रोत अनुमान तथा बजेट निर्धारण समिति र न.पा बैठक हुदै सहभागिता मूलक योजना तर्जुमा प्रकृया द्धारा प्राथमिकरण सहित प्राप्त भएका योजना कार्यक्रम र सुझाबहरु ।

**आदरणिय अतिथिज्यूहरु र सभासद मित्रहरु**

अब म जयपृथ्वी नगरपालिकाको आगामी लक्ष, नीति, उद्देश्य र कार्यक्रम,कार्ययोजना तर्फ यहांहरुको ध्यान आकर्षण गर्न चाहन्छु ।

**सम्बृद्ध जयपृथ्वी न.पा. का भाबी लक्षहरु**

- आगामी **२०** बर्ष भित्र यस न.पा. लाई सभ्य ,सम्बृद्ध ,विकसित नागरिकहरुको बस्ति भएको नगरपालिका वनाउने ।
- उत्कृष्ट मानव बिकास सूचांङक भएको , सामाजिक बिभेद, जोखिम र असमानता रहित नमुना नगरको रुपमा बिकसित गरिनेछ ।
- नगरबाशीलाई छिटो, छरितो, भरपर्दो र पारदर्सी ढंगबाट सेवा सुबिधा प्रवाह गर्दै लगिने छ ।
- स्थानिय सरकारमा सबै बर्ग, समुदायको प्रतिनिधित्व गराउदै राष्ट्रिय स्वाधिनता र एकताको प्रबर्धन गरिने छ ।
- नगरपालिकाको आर्थिक सम्वृद्धी र बिकासका लागि स्थानिय श्रोत साधनको र दक्ष जनसक्तिको सदुपयोग गरि , आधुनिक प्रबिधिको साथ सहयोग लिई **आफ्नो बस्ति र गाउं आफै वनाउं** भन्ने नारा सफल गर्दै लगिने छ ।

**माथि उल्लेखित लक्षहरु पुरा गर्न यस नगरका बिकासका नीतिहरु अब तल उल्लेख गर्न चाहन्छु** ।

- आ.ब. २०७४।०७५ देखि कम्तिमा तिन आर्थिक बर्षलाई पूर्बाधार निर्माण बर्षको रुपमा मनाईने छ ।
- नगरलाई सफा,सुरक्षित,बिकसित र नमुना योग्य बनाउदै लगिने छ ।

- जयपृथ्वी नगरपालिकालाई तिव्वतको पबित्र धार्मिक स्थल मानसरोबर सम्म जाने यातायातामार्गको प्रस्थान बिन्दुको रुपमा बिकसित गरी बजार व्यवथापनमा जोड दिईने छ ।
- नगरको सम्बृद्धीका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय संध संस्था र भगिनी न.पा. संग सम्पर्क सहयोग बिस्तार गरिने छ ।
- नगरपालिकामा रहेका नदी,खोला तथा जलाधार संरक्षण गरि प्रदूषण नियन्त्रण र पर्याबरण सन्तुलनका लागि व्यापक रुपमा जनसहभागिता परिचालन गरि हरित नगर,सरसफाई युक्त नगर बनाईदै लगिने छ ।
- जनता प्रति जवाफदेही नगर प्रशासन  बनाउन भ्रष्टाचार बिरुद्ध राजनीति र कर्मचारी प्रशासनको नीति अबलम्वन गरिने छ  साथै नगरसभा सम्पन्न भए लगत्तै ११ वटै वडा कार्यालयहरु व्यबस्थापन गरि स्थानिय स्तर मै जनाताले महसुश गर्ने गरि सेवा संचालन गरिने छ ।
- आम जनता, बिज्ञहरु तथा सबैको सल्लाह सुझावलाई मध्यनजर गदै जयपृथ्वी नगरपालिकाको अल्पकालिन र दीर्घ कालिन बिकास सम्बन्धि नगर प्रोफायल र बिस्तृत गुरु योजना निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।
- नगर भित्र संचालनमा रहेका  बिभिन्न संघसंस्था तथा दात्री निकायहरु संग समन्वय तथा सहकार्य गरि नगरको सम्बृद्धीका लागि बिभिन्न क्षेत्रमा लगानी गरिने छ ।
- नगर बिकासको भरपर्दो अंगको रुपमा रहेका टोल बिकास संस्थाहरुको गठन गरि व्यबस्थित र भरपर्दो रुपमा संचालन गर्ने नीति लिईने छ ।
- समाजमा बिकृती र बिसंगतीका रुपमा देखापरेका बाल बिबाह,छाउपढी प्रथा, जुवा तास र अनियन्त्रीत रक्सी सेबनबाट बढ्दै गएका अपराधिक क्रियाकलापलाई रोक्न ब्यापक मात्रामा सुरक्षनिकाय र जनपरिचालन गरि सो बिसंगतिहरु न्यूनि करण गर्दै लगिने छ ।
- शिक्षा, स्वास्थ्य, कृषि, वन आदि क्षेत्रमा देखिएका अनियन्त्रित क्रियाकलापलाई निरुत्साहित गरिने छन् ।

**आर्थिक बर्ष २०७४।०७५ बजेट नीति तथा कार्यकम कार्यान्वयनबाट देहाय बमाजिमका उद्देश्यहरु हासिल हुने अपेक्षा गरेको छु ।**

- यस नगरपालिका अन्तरगत रहेका बिभिन्न सामाजिक बिभेदहरु हटेने छन् संबिधानले तोके  अनुसार का आरक्षणका व्यबस्था लागु भै महिला , दलित ,जेष्ठ नागरिक, बालवालिका,अपाङ्ग, आदिबासी आदि वर्गको श्रोत साधनमा पहुच हुनेछ ।
- योजना र कार्यकममा युवा बर्गको सहभागिता बढ्ने अपेक्षा गरिएको छ ।
- यातायातको सुविधावाट वन्चित सेतिपारीको वस्तिलाई यातायातको पहुँचमा पुर्‍याउन यथासक्य चाँडो पहलगरी व्यवस्थापन गरिने छ ।
- नगपालिकाको आन्तरिक आय बृदि एवं राजश्व परिचालनमा आम नागरिकको सहकार्य अभिबृद्धी हुनेछ, स्वच्छिक कर तिर्ने बातावरण तयार गरि आर्थिकरुपमा आत्मनिर्भर नगरपालिका बनाउन टेवा पुग्ने छ ।

- नगर भित्र वडा र टोलमा बिकास संस्था गठन गरि महिला समुह, बाल कल्व,नागरिक सचेतना केन्द्र र नागरिक समाज आदिको सहकार्यमा सामाजिक परिचालन लाई संस्थागत गरिने छ ।
- नगरवासीहरुमा अधिकारको साथसाथै कर्तव्य बोध गराईने र बिकास निर्माणका कार्यहरुमा नगरवासीमा अपनत्वको भावना जागृत गराईने छ ।
- कृषि र गैर कृषि उत्पादनमा बृदि गरि न.पा. को हालको पैठारीमा कटौती गरि निकासीमा प्रबर्द्दन हुने अपेक्षा गरिएको छ ।
- हिमाली, दूर्गम र पिछडिएको नगरपालिका भएकोले यस क्षेत्रमा आर्थिक भौतिक पूर्वाधारहरु बिकास निर्माण हुदै जाने छन् ।
- सामाजिक परिचालनलाई जोड दिई  बिपन्न र गरिबी न्युनिकरण गर्न टेवा पुग्ने कार्यक्रम संचालन हुनेछन् ।

माथि उल्लेखित उदेस्य पूर्ति गर्न प्रस्तुत बजेट कार्यक्रमका निम्न उल्लेखित प्राथमिकताहरु निर्धारण गरेको छु ।

- नगरपालिकाको पूर्वाधार बिकास
- बिपत व्यवस्थापन तथा वाताबरण व्यवस्थापन
- आर्थिक बिकासकालागि उत्पादन बृद्धि, रोजगार बृद्धि ।
- सामाजिक र संस्थागत बिकास ।
- छिटो छरितो र भरपर्दो सेवा सुविधा प्रबाह ।
- सुशासन र पारदर्सी कार्य प्रकृया ।

**आदरणि उपस्थित महानुभावहरु, सभासद मित्रहरु**

अब म आब २०७४।०७५का लागि प्रस्ताव गरिएका नीति कार्यक्रमहरु बुंदागत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

**१) पूर्बाधार बिकास निर्माण तर्फ :**

- नगरको समग्र बिकासका लागि आवधिक नगर बिकास योजना निर्माण गरि लागु गरिने छ  र सोहि आधारमा नगरका समग्र पूर्बाधारहरु शडक यातायात,खानेपानी र सरसफाई, शिक्षा,स्वास्थ्य, कृषि,पशु, शिंचाई,संचार,बन बातावरण र पर्यटन प्रवर्द्धन जस्ता बिकास निर्माणका कामहरु अगाडी बढाईने छन् ।
- नगर क्षेत्रका शडक गुरुयोजना तयार भै सकेको हुँदा सोहि आधारमा बिकासको मूलभूत आधार मानिने सडकहरु बिकास र बिस्तार का लागि बिशेष गरि चैनपुर रिंङरोड,पानकोट मोर्तोली पडेस सडक,पानकोट जडार सुत्तिया सडक, वाउलीगाड दम्धुर खेईरा, पाण्डुसैन कुंचां सडक, धामिलेक मयाना सडक र धामिलेक दैकुमला सडक,बसपार्क टिमुन्ज्याडी ,पोलीटेक्निकल स्कूल हुदै नौरा जयपृथ्वी नगर सडक, सिमखेत पैयातोला जोसिगाउ ग्वानि सल्याना हुदै वारिल जोड्ने सडक,सुबेडा छयाला

जुवाडा सडक, डिलमाणु धौलावगर सिमखेत सडक, कचाली हलाने कालाढुङ्गा जयपृथ्वी नगर सडक,सिमखेत खारावगर हुदै बारिल सडक, नाननदेब मन्दिर हुदै कैलास र हेमन्तवाडा वांझगाउँ र हेमन्तवाडा भडार सडक,  को ट्रयाक खोल्ने, ग्याबलिङ्ग गर्ने साथै पक्की सडकका रुपमा बिकसित गर्दै लगि सबै वडा बिचमा सडक सञ्जाल निर्माण गरिने छ ।

- नगरको सुबिधा सम्पन्न र पूर्वाधारयुक्त कार्यालय भवन निर्माण गरि संचालनमा ल्याईन छ ।
- जयपृथ्वी नगर उज्यालो कार्यक्रम अन्तरगत शडकमा सौर्य बत्ति जडान गर्ने कार्यको थालनी गरिने छ ।
- नगर भित्र सम्बन्धित निकाय संग समन्वय गरि स्वच्छ खानेपानी र सर्ब सुलभ खानेपानीको ब्यबस्थागर्न लगाई आगामी बर्ष स्वच्छ र सर्ब सुलब खानेपानी युक्त नगर बनाईने छ ।
- नगर भित्र नक्सा पास नगरि भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड बिपरित कार्य गर्नेहरु लाई निरुत्साहित गरि कानुनको दायरामा ल्याईने छ ।नगरपालिका भित्र निर्माण हुने संरचना र बिकास आयोजनाको अनुगमन तथा सुपरिबेक्षण बिषेशयज्ञ,प्राबिधिक समेत रहेको समिति द्धारा गर्न लगाईने छ ।
- नगरपालिकामा रहेको दैबिप्रकोप र मर्मत संभारकोष लाई ब्यबस्थित गन एक कार्य बिधि बनाई कार्यान्वयनमा ल्याईने छ ।
- नगर क्षेत्रमा मानब बस्ति र संस्कृति सभ्यतालाई मर्यादित एबं व्यबस्थितगर्न  भू उपयोग योजना तयार गरि योजनाबद्ध बिकास गर्दै लगिने छ ।
- नगर भित्रका खेतियोग्य जमिन र बाँजो जमिनमा आवश्यक सिचाई व्यवस्थाका लागि सिचाई कुलो निर्माण र मर्मत, सिचाईपोखरि निर्माणका लागि विषेश कार्यक्रम सञ्चालन गरिने छन् ।
- नगरभित्र प्राप्त हुने स्थानिय श्रोत साधनको पहिचान, एबं व्यवस्थित र द्धिगो प्रयोगको लागि उपयुक्त नीति अबलम्बन गरिने छ ।
- द्धिगो, वाताबरण मैत्री बिकास निर्माणका पूर्बाधारहरु निर्माण गर्न लगाईने छन् ।

**<u>२) कर सेवा सुल्क र राजश्व परिचालन तर्फः</u>**

- नगरबाट लिईने कर, सेवाशुल्क एवं राजश्व ब्यबस्थित, नियमित  र पारदर्सी गराईने छ ।समयमै र बढि कर तिर्ने करदातालाई सम्मान गर्ने व्यबस्था लागु गरिने छ ।
- एकिकृत सम्पत्तिकर लागु गर्नका लागि आवश्यक तयारी गरिने छ ।
- राजश्व तथा कर असुलीका नयां श्रोतको खोजी गरि लागु गरिने छ ।
- मालपोत तथा भुमि कर भुमि बर्गिकरणको आधारमा लागु गरिने छ ।
- उत्पिडित,बिपन्न तथा अति गरिब र फरक क्षेमता भएको प्रमाणित भएको प्रमाणका आधारमा सिफरिसलाई निशुल्क गरिने छ ।

- नगर क्षेत्र भित्र व्यबसाय संचालन गरेका व्यबसायीले अनिबार्य रुपमा आफ्नो फर्म र व्यबसाय नरपालिकामा दर्ता गर्नु पर्नेछ सो नगरे न.पा.बाट घरेलु तथा साना उद्योग शाखा, ब्यापार संघ तथा आन्तरिक राजश्व कार्यालयवाट दर्ता नबिकरण नहुने व्यबस्थाकालागि पहल गरिने छ ।
- नगरपालिका तहःमा इलेक्ट्रिसियन, प्लम्बर,कार्पेपेन्टर, डकर्मी, आदि जस्ता तालिम आयोजना गरि टोल टोल र बस्ति बस्तिमा त्यस्ता प्रबिधिक जनसक्तिबाट सेबा परिचालन गराईने छ ।
- ढुङ्गा, गिट्टि, वालुवा आदि जथाभावि रुपमा प्रयोग गर्ने हालको परिपाटिलाई अन्त्य गर्दै यसलाई नगरको राजश्व वृद्धिको आधार वनाउन आवश्यक भएकोले सो कार्यलाई नियमबद्ध ढंगले सञ्चालनमा ल्याइने छ ।

३) **<u>नगर सुशासन र जनसक्ति व्यबस्थापनका तर्फः</u>**

- नगर भित्र सुसासन र जनशक्ति व्यबस्थापनका लागि नगरप्रमुखको अध्यक्षतामा अधिकार सम्पन्न सेवा आयोग गठन गरिने छ ।
- सुसासन तथा आर्थिक पारदर्सिताका लागि नगरप्रमुख उप प्रमुख लगायत कार्यपालिका सदस्य हरुले आ आफ्नो सम्पति बिबरण सार्बजनिक गर्न पर्ने छ ।
- जनतालाई दिईने सेवा सुबिधा छिटो,छरितो र भरपर्दो बनाउन नगरपालिका स्तरमा techno hob स्थापना गर्न लगाई पेपरलेस र ई गभरनेन्स को थालनी गरिने छ ।
- नगरपालिकामा संचालन भै रहेको Web site लाई अध्याबधिक एबं ब्यबस्थित गरिने छ साथै स्थानिय सरकारबाट प्रदान गरिने सेवा, सुबिधा,बिकास निर्माणलाई जन उत्तरदायी बनाउन नगरपालिका र वडा स्तरमा नागरिक बडापत्र,हेल्प डेक्स,सार्बजनिक सुनुवाई, सामाजिक परिक्षेण जस्ता सुशासनका कियाकलापहरु निरन्तर संचालन गर्दै लगिने छन् ।
- आबस्यकता अनुसार नगरपालिका कर्मचारीहरु एबं जनप्रतिनिधीहरुलाई क्षमता विकासका लागि तालिम र प्रसिक्षणको ब्यबस्था गरिने छ सो का लागि सेवा निबृत राष्ट्र सेबक शिक्षक,कर्मचारी र सुरक्षा कर्मीहरुको सेवालाई प्राथमिकता दिईने छ ।

**<u>४) कृषि तथा पशु पालन तर्फ :</u>**

- नगरपालिकाका कृषि तर्फका योजना तथा कार्यक्रम हरु सञ्चालन गर्दा कृषकलाई प्रत्यक्ष लाभ पुग्ने गरी सञ्चालन गरिने छ्न ।
- कृषि पेशा लाई व्यवसायी करण गर्न नगरपालिका भित्र कृषक लाई प्रोत्साहन गरीने छ साथै ताजा तरकारी, कुखुरापालन, मत्स्यपालन र माहुरी पालन लाई विषेश प्राथमिकता दिई कार्य गरीने छ ।
- विगत वर्षसम्म नेपाल सरकारवाट कृषि मलमा ढुवानि अनुदान दिदै आएकोमा यस वर्ष देखि अनुदान कटौति गरेकोलेसोका लागी नगरपालिका र कृषि प्रचार प्रसार कार्यक्रमवाट आधा आधा ढुवानि रकम व्यवस्था गरी कृषि मल आपूर्ति गरिने छ ।

- कृषि कर्जा सरल बनाई सहुलियत ब्याजदरमा कृषि ऋणको ब्यबस्था मिलाउन आबस्यक पहल र समन्वय गरिने छ ।
- कृषि तथा पशुपालनलाई आधुनिकरण र ब्यबसायमुखी बनाउँदै नगरलाई तरकारी , मासु , दुध र अण्डा उत्पादनमा आत्मनिर्भर बनाउनको लागि बैदेसिक रोजगारबाट फिर्ता भएका नगरका युवाहरुका लागि बिषेश कार्यक्रम संचालन गर्दै लगिने छ ।
- छाडा चौपाया एबं कूकुर नियन्त्रणका लागी आवश्यक नियम वनाउदै चोपाया छाडा छोड्ने चौपाया धनी हरुलाई आवश्यक मात्रामा सजक गराईने छ । त्यस्ता छाडा चौपाया, कुकुर नियन्त्रण र व्यवस्थापन का लागि सार्वजनिक अभियान, प्रचार प्रसार कार्यक्रम सञ्चालन गरि जन परिचालनका माध्यमवाट सो को नियन्त्रण गर्दै लगिने छ ।
- खाद्यान्न वालिको उन्नत विउ उत्पादनमा आत्म निर्भर हुने गरि कार्यक्रम सञ्चालन गरिने छन् ।
- यस नगरपालिका भित्र दाँते ओखर खेतिको निकै सम्भावना भएको ले सो का बिरुवा वितरण र वृक्षारोपण गर्ने कार्यलाई अभियान को रुपमा सञ्चालन गरिने छ ।
- कृषकलाई कृषि कार्यमा आधुनिक प्रविधि भित्राउनका लागि समय समय मा सो सम्वन्धि तालिम र प्रशिक्षणको आयोजना गरिने छन् ।
- नगरपालिका भित्र हाल पशु चौपायामा प्रकोपको रुपमा देखा परेको खोरेत, पि पि आर ओ रोग नियन्त्रणका लागि भ्याक्सिनका  कार्यक्रमहरु सञ्चालन गरिने छन् ।
- रेविज बिरुद्धको भ्याक्सिन जिल्ला पशु सेवा कार्यालयमा समयमानै उपलब्ध गराई राख्ने र रेविज वाट हुने मानविय तथा अन्य क्षति नियन्त्रण गर्दै लगिने छ ।

**<u>५) उर्जा, सूचना तथा सञ्चार तर्फ::</u>**

- नगरभित्र सञ्चालनमा रहेका एफ एम रेडियो, टिभि, डिस लाईन सञ्चालन दर्ता नविकरण आदि सम्बन्धि आवस्यक नीति वनाई व्यवस्थित गरिने छ र यस क्षेत्रमा कार्यरत सञ्चारकर्मी हरुका ज्ञान सीप र क्षमता बढाउन का लागि आवश्यक कार्य गर्दै सञ्चारकर्मी मैत्री नगर बनाउदै लगिने छ ।
- नगरका सम्पूर्ण वडा हरुमा ईन्टरनेट सुविधा सहित टेलिफोन सेवा विस्तार गर्दै लगिने छ ।
- नगरको सवै वडामा विद्युत्त आपुर्तिका लागि केन्द्रिय प्रसारणलाईमा जोड्न लगाई सहज रुपमा विद्युत आपुर्तिगर्न लगाईने छ ।

६) **<u>स्थानिय तथ्याङ्क र अभिलेख संकलन</u>** :

- सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखि संरक्षण र सदुपयो गरिने छ । साथै मानव संसाधन, धार्मिक सास्कृतिक सम्पदाको अभिलेखिकरण र व्यवस्थित गर्दै लगिने छ ।

- विपन्न गरिब न्यून आय भएका व्यक्ति, फरक क्षमता भएका नागरिक, बालश्रमिक, हिंसा पिडित महिला,द्वन्द पिडित हरुको अभिलेख तयार गरि उहाँहरुको पक्षमा आवश्यक कारवाही गर्दै लगिने छ ।

**<u>७) आधारभूत र माध्यामिक शिक्षा :</u>**

- नगरपालिका भित्र नयाँ निजि र सामुदायिक विद्यालय खोल्ने अनियन्त्रित कार्य निरुत्साहित गर्दै लगिने छ । हाल सञ्चालनमा आउन नसकेका सामुदायिक विद्यालय लाई मर्जगरि समुदायको हितमा प्रयोग गरिने छ । संस्थागत विद्यालयको दर्ता, नविकरण, शिक्षक विद्यार्थीको हाजिरि परिक्षण आदि कार्य गर्दा नगरपालिका स्तरिय अनुगमन समितिको प्रतिवेदनको आधारमा गर्ने प्रक्रियाको सुरुवात गरिने छ । साथै जयपृथ्वी नगरपालिकालाई पूर्ण साक्षर नगर वनाउन आवश्यक पहल गरिने छ र समयानुकूल सामुदायिक विद्यालयको स्तर वृद्धि गरिदै लगिने छ ।
- वालबालिका विद्यालय नपठाउने नागरवासिलाई नगर वाट प्राप्तहुने सेवा सुविधावाट बन्चित गरिने नीति अवलम्बन गरिने छ ।
- शिक्षा क्षेत्रमा आएको निरासा जनक परिणाम लाई माथि उकास्न विद्यार्थीको निरन्तर मूल्यांकन लाई अनिवार्य र प्रभावकारी बनाई लागु गर्न नगरपालिका तहका सवै विद्यालयमा आव्हान गर्ने, लागु गर्न लगाउने, सो नगर्ने विद्यालयलाई आवश्यक कारवाहीको प्रक्रिया अगाडी बढाईने छ ।
- नगरपालिका भित्रका कुनै दुई वटा प्राथमिक विद्यालयमा कक्षा १ (एक) देखि नै नमुनाको रुपमा अंग्रेजी कक्षा सञ्चालन गर्न लगाईने छ ।
- आधारभूत तहको शिक्षण सिकाई आदान प्रदान गर्न सो तहका विषय शिक्षक हरुका विचमा नमुना पाठ प्रदर्शन कार्यक्रम कुनै दुई वटा विद्यालयमा नमुनाको रुपमा सञ्चालन गरिने छ ।
- बालबिवाह मुक्त नगरपालिका वनाउन सवै विद्यालयका विद्यार्थीहरु विच यौन तथा स्वास्थ्य शिक्षा आदिका विषयमा सहकार्य र ज्ञान आदान प्रदान गर्न प्रत्येक विद्यालयमा किशोर किशोरी मैत्रि सेवा सूचना केन्द्र सञ्चालन गरिने छ ।
- बालविबाह अन्तका लागि बझाङ्ग जिल्ला रणनितिक योजनालाई अनुमोदन गरी कार्यान्वयन गर्दै सन २०३० सम्म वालबिवाह अन्तगर्दै लगिने छ ।

**<u>८) आधारभूत स्वास्थ्य र सरसफाई</u>** :

- **हाम्रो अभियान स्वच्छ, सुन्दर र हरियाली जयपृथ्वीनगर** नारा सहितको नगर स्तरिय स्वास्थ्य र सरसफाई नीति तयार गरी लागु गरिने छ ।
- नगरपालिकालाई प्लास्टिक झोलामुक्त र गुट्का निशेधित क्षेत्र वनाईने छ ।
- नगरको फोहरलाई संकलन गरी उपयुक्त land fill site खोजिगरी विषर्जन गरिने व्यवस्था मिलाईने छ ।
- नगर भित्रका आवश्यक स्थानमा सार्वजनिक शौचालय निर्माणगर्दै लगिने छ ।

- यस नगर क्षेत्रमा वढि रहेको फोहर व्यवस्थापन गर्न जस्ले फोहर गर्छ उसैले सफा गर्नु पर्दछ भन्ने मूल्य र मान्यतालाई आत्मसात गर्दै प्रत्येक घर र व्यवसायवाट अत्पादित फोहरको मात्रा अनुसार फोहरमैला कार्ड वनाई सरसफाई शुल्क लिरहेको हाल व्यवस्थालाई प्रभावकारी वनाईने छ ।
- प्रत्येक पसल र घर धनिले आफै दुई वटा डस्टविनमा (कुहिने फोहर र नकुहिने फोहर) राख्न लगाईने छ ।
- आयुर्वेद औशधालय र योग प्रशिक्षणलाई यस नगरमा पनि प्रभावकारी रुपमा विस्तार गर्न लगाईने छ ।
- पूर्ण खोप घोषणा भैसकेको यस नगरलाई पूर्णखोपको निरन्तरता दिईने छ ।
- No home delivery घरमा प्रशुतिहुनेलाई न्यून गर्दै सतप्रतिशत स्वास्थ्य संस्थामा सुत्केरी हुने व्यवस्था गरिने छ ।
- विभिन्न प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र आयुर्वेदिक सेवालाई थप सुदृढ गर्दै नवजात शिशुतथा मातृमृत्युदरलाई शुन्यमा झार्ने प्रयेत्न गरिने छ ।
- नगरवाट टाढा रहेका तथा स्वास्थ्यको पहुचवाट टाढा रहेका समुदाइलाइ स्वस्थ्यको पहुचमा ल्याउन नियमित गाउघर तथा खोप किल्निक सञ्चालन गर्न भवन निर्माण गरिने छ ।
- सवै स्वास्थ्य संस्थामा ईन्टरनेट सहितको कम्प्युटर सेवा जडान गर्दै लगिने छ ।
- स्वास्थ्य संस्थामा विरामिका लागी खानेपानीको व्यवस्था गरिने छ ।
- नगर स्थित स्वास्थ्य संस्था तथा नगर किल्निकमा वर्थिङ सेन्टर सुचिकृत गरी SBA अनमिको व्यवस्था गरिने छ ।
- चैनपुर र हेमन्तवाडा स्वास्थ्य चौकिको आफ्नै भवन निर्माणको लागी जग्गाको व्यवस्था गरिने छ ।
- सवै स्वास्थ्य संस्थामा गुणस्तरिय किशोर किशोरी मैत्रि यौन तथा प्रजनन सेवा सञ्चालन गरिने छ ।
- पोषणको कार्यक्रमलाई सञ्चालन गर्न सम्वन्धित गैर सरकारी संस्था र जनताविच समन्वयको भूमिका खेल्दै अगाडी बढाईने छ ।
- नगरमा विशेषज्ञ स्वास्थ्य कर्मी परिचालन गर्न लगाई असक्त अपाङ्ग गरिब असाहय र वृद्ध व्यक्तिहरुकालागी निशुल्क स्वास्थ्य सिविर सञ्चालन गर्न पहल गरिने छ ।
- यस नगरको वडा नं. १ कैलाश क्षेत्र धुवारहित घरमा पहिचान भैसकेकोले अन्य वडा हरुमा पनि सो कार्यक्रम सञ्चालन गर्न उपयुक्त भएकोले सोका लागि पहल गरिने छ ।
- स्वास्थ्यको पंहुचमा टाढापरेका गाउघर किल्निक सञ्चालन नभएका वडा, वस्तिहरु मयाना, नौरा, भडार, मोर्तोली बांजगाऊ, सुतियामा सञ्चालन गर्न प्रयत्न गरिने छ ।
- स्वास्थ्य चौकि भवन निर्माण नभएका वडा हरुमा स्वास्थ्य चौकि भवन निर्माण गर्न संघ र प्रदेशमा माग गर्दै जाने नीति लिईने छ ।
- यस नगर भित्र क्षयरोग रोगी हरुको संख्या शुन्यमा झार्नकालागि आवस्यक पहल प्रयत्न गरिने छ ।

- पाठेघर आङ खस्ने महिला हरुको सिविर सञ्चालन गरी स्वास्थ्य परिक्षण गर्न लगाई सो वाट पिडित महिलाहरुको लागि सेवा उपलब्ध गराउन पहल गरिने छ ।
- वाथका विरामि हरुलाई पञ्चकर्म सेवा दीर्घ रोगीहरुका लागि योग शिक्षा र समुदाय स्तरमा आयुर्वेद स्वास्थ्य सिविर सञ्चालन गर्दै लगिने छ ।

**९) स्थानिय बजार व्यवस्थापन :**

- जयपृथ्वी नगरपालिका भित्रका साना ठुला व्यवसाय तथा पसलहरुलाई व्यवस्थित तथा नियमन गर्दै लगिने छ ।
- फुटपातमा पैतल आगमनमा सहज वनाउनका लागि फुटपात व्यापारी र व्यवसायलाई यकिकृत व्यापारी केन्द्र तोकि व्यापार व्यवसायको प्रवर्धन गर्न प्रोत्साहन गरिने छ ।
- नगरभित्रका ग्रामिण वस्ति हरुका स्थानिय उत्पादन बिक्रिका लागि कृषि हाट बजारको व्यवस्था गर्न प्रयत्न गरिने छ ।

**१० वन, वातावरण तथा जैविक विविधता संरक्षण तर्फ :**

- नगर क्षेत्र भित्र रहेका नांगा तथा भूक्षय भै रहेका स्थानहरुमा गैर सरकारी संस्था ईच्छुक व्यक्ति तथा विकासी कार्यालयहरु र साझेदार संग सहकार्य गरि वृक्षारोपण तथा ग्रीन वेल्ट निर्माण गरि हरित नगर वनाउन नगरभित्र नगरवासिहरुका सुख दुःख का दिन हरुको स्मरण गर्दै रुख रोप्ने नीति अवलम्वन गरि वातावरण संरक्षण तथा हरितनगर निर्माण गर्न योगदान पुऱ्याइने छ ।
- यस नगर क्षेत्रभित्र पर्ने काला ढुङ्गा, पुगर, चुलि टिका, कैलाश, वारिल ऋषि कुण्ड र सिद्धमनाना जस्ता स्थलहरुमा जैविक विभिधता संरक्षण केन्द्र, पार्क, वोटानिकल गार्डेन, पर्यटन क्षेत्र तोकि संरक्षण गर्दै लगिने छ ।
- नगर क्षेत्रभित्र बर्षातको समयमा विभिन्न खोलाहरुले खेतियोग्य जमिन र वस्तिमा असर पारेको हुँदा ती वस्ति र जमिनको संरक्षणका लागि खोलाहरुमा तटबन्धन र आवश्यक पूर्वाधारको व्यपस्था गर्दै लगिने छ ।
- नगरभित्र सञ्चालनमा रहेका सामुदायक वनहरु व्यवस्थित गर्नलगाईने छ । जैविक विविधता संरक्षण र आयआर्जनका लागि सा.व. हरुलाई प्रोत्साहन गर्दै लगिने छ ।

**११) घरजग्गा धनिपूर्जा वितरण र भू-उपयोग नीति :**

- घरजग्गा धनिपुर्जा अधावधिक गर्ने र विवरण लिने कार्य सम्बन्धित वडा कार्यालयमै पुऱ्याइने व्यवस्था मिलाईने छ ।
- सम्पूर्ण नगरपालिका क्षेत्रमा नापी नक्सा घरजग्गा धनिपूर्जा र घर नं. लाई मिलान गरि भौगोलिक सूचना प्रणालि (GIS) र भौगलिक स्थलगत अध्ययन प्रणाली (GPS) मा आधारित अधावधिक अभिलेख तयार गर्ने व्यवस्था सुरु गरिने छ ।
- सार्वजनिक जग्गा संरक्षण गर्न त्यस्ता सार्वजनिक जग्गाको विवरण संकलन गरि सवै सार्वजनिक जग्गा नगरपालिकाको मातहतमाा ल्याईने व्यवस्था गरिने छ ।

- नगरपालिका भित्र रहेका हलिया, भूमिहिन, वादी समुदाय लाई जोतभोगका आधारमा जग्गाधनि पूर्जा वितरण गर्न लगाईने छ ।

**१२) जेष्ठ नागरिक र अशक्त वृत्ति :**

- जेष्ठ, एकल महिला, अशक्त अपाङ्ग, पाँच वर्ष मुनिका बालबालिका हरुलाई राज्यले उपलब्ध गराउदै आएको सामाजिक सुरक्षाभत्ता घरदैलो मा गई प्रदान गर्ने व्यवस्था गरिने छ ।
- एकल महिला, जेष्ठ नागरिक र फरक क्षमता भएका व्यक्तिका लागि राज्यको तर्फ वाट ग्यारेन्टि गर्दै आएको सामाजिक सुरक्षाको यातायात, स्वास्थ्य र शिक्षा सेवामा निशुल्क गर्न आवश्यक समन्वय गरिने छ ।
- हरेक वर्ष विश्व जेष्ठ नागरिक दिवश (अक्टोबर १) को अवसर पारेर नगरका सबैभन्दा जेष्ट महिला र पुरुषलाई सम्मान प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

**१३) महिला बालबालिका तथा अन्य वर्ग वृत्ति :**

- एकल महिला हिंसा पिडित द्वन्द्व पिडित पछाडि पारिएका महिलाका लागि जनचेतना मुलुक तथा सशक्तिकरण कार्यक्रम सञ्चालन गरिने छन् ।
- परम्परा देखि जगडीदै आएको, कुसंस्कारको रुपमा रहेको छाउपडि बालविवाह प्रथालाई निर्मुल गर्न सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिने छन् ।
- बालमैत्रि स्थानिय साशन (CFLG) लागु गर्न आवस्यक प्रक्रिया अगाडी बढाईने छ ।
- अपाङ्ग तथा फरक क्षमता भएका वर्ग, जेष्ट नागरिक, दलित हरुको आर्थीक सामाजिका आयआर्जन क्षमता विकास तथा सीपमुलक कार्यक्रम सञ्चालज गरिने छन् ।

**१४) विपत व्यपस्थापन तथा शान्ति सुरक्षा :**

- नगरमा भूकम्प, आगलागि, बाढि पहिरो र चट्याङ आदि जस्ता प्रकोप, दुर्घटना व्यबस्थापनका लागि नगर कार्यपालिकामा छुटै शाखा द्धारा कार्यसम्पादन गर्न लगाईने छ ।
- हरेक वडामा विपत व्यवस्थापनका लागी छुटै कोषको तर्जुमा गरि कार्यक्रम आ.व. मा उक्त रकम खर्च हुन नसके सालवसालि सोहि वडा को विपत व्यवस्थापनमा मौजुदा रहने व्यवस्था गरिने छ ।
- शान्ति सुरक्षा क्षेत्रलाई मध्येनजर गर्दै नगरक्षेत्र भित्र प्रहरी हाम्रो टोलमा भन्ने अभियानलाई प्रभावकारी वनाउन प्रहरी चौकी विस्तार गर्न पहल गरिने छ ।

**१५) भाषा सस्कृतिको संरक्षण र विकास :**

- नगरपालिका भित्र रहेका विभिन्न मन्दिर तथा धार्मीक पर्यटकिय स्थलकोहरुको सरंक्षण गरि सोको पहिचान र विकास गर्दै लगिने छ ।

- स्थानिय स्तरमा प्रचलित समुदायको आफ्नै मातृभाष (बझाङ्गी) मा आधारभूत शिक्षा प्राप्त गर्ने व्यवस्थाका लागि विद्यालयमा लागु गर्न पहल गरिने छ ।
- नगरभित्र आपसि सामाजिक सदभावलाई सुदृढ तुल्याउन सांस्कृतिक पर्वहरु चैतलि, शिलदेवि, नाननदेव, शिवरात्रि, गौरा, चौदसी, सुर्मादेवी विरीजात मेला, भूब भस्सो, आदिलाई प्रादेशिक पर्वको मान्नेता दिलाउन आवश्यक पहल गरिने छ ।
- प्रम्परागत पेशा व्यवसाय र लोपउन्मुख कला ज्ञान र शिपको पहिचान गरि सोको संरक्षण र सम्बर्धन का लागि आवश्यक कार्यक्रम बनाई लागु गरिने छ ।
- नगरभित्र शिक्षा, स्वास्थ्य, भाषा, कला साहित्य, देउडा, खेलकुद आदिको विकासमा योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई जयपृथ्वी नगरपदकले सम्मानित गरिने कार्यको थालनि गरिने छ ।

**<u>१६) ठुला र नगरपालिकाका महत्वपूर्णयोजनाहरु निर्माण सम्वन्धमा :</u>**

- चैनपुर र ढुङ्गी जोड्ने पक्कीपुल जस्ता ठूला योजना निर्माणका लागी आवश्यक बजेट माग गरी केन्द्रिय स्तरवाटै सम्पन्न हुने वातापरण मिलाईने छ ।
- नगरपालिका क्षेत्रभित्रका सडक हरुलाई जोडि नगरक्षेत्रमा वरिपरि रिङ्रोड निर्माण गर्न आवश्यक वजेटको केन्द्र तथा प्रदेश वाट व्यवस्था मिलाई रिङ्रोड निर्माण गर्न पहल गरिने छ ।
- यस नगरपालिकाका पहिचानकालागी नगरको उत्तर तर्फ नगर गेट निर्माण गर्न लगाईने छ ।
- चैनपुर बजारमा कुलोहरु तथा खानेपनिका यत्र तत्र छरिएका पोलिथिन पाईपको कारणले अव्यवस्थित देखिएको संरचनालाई व्यवस्थित ढल निर्माण गरी व्यवस्थित गरिने छ ।
- नगर क्षेत्र भित्र रहेका मुख्य सडक संगै शाखा सडक निर्माणका लागि आवश्यक सडक मापदण्डनीति अपनाई वस्ति र सडकको व्यवस्थापन गर्दै लगिने छ, यसका लागि भवन निर्माण आचरसंगिता अनुरुप भवन निर्माण गर्नका लागि अनिवार्य रुपमा नक्सा पास गर्नु पर्ने नीति अपनाईने छ ।
- बझाङ्ग जिल्लामा रहेको एकमात्र विमानस्थल व्यवस्थापन र सञ्चालनका लागी केन्द्रिय स्तरमा पहल गरिने छ ।
- सेती नदी र बाउलीगाडको विचमा रहेको चैनपुर सदरमुकाम जोखिम ग्रस्त अवस्थामा रहेको ले तटवन्धनका लागी केन्द्रिय स्तरमा पहल गरिने छ साथै नगरभित्रका वाढीग्रस्त खेतियोग्य जमिन हरु कचाली, सुवेडा, गोलाई, भोपुर रुईनावगर, डुङ्गी क्षेत्र बचाउका लागि तटबन्धन गर्न केन्द्रिय स्तरमा माग गरिने छ ।
- नगर क्षेत्रभित्र व्यवस्थित कवर्डहल स्थापनाका लागि केन्द्रिय स्तरमा माग गरिने छ ।
- बस पार्क निर्माणका लागि आवश्यक जग्गा को व्यवस्था समेत भई निमाणधिन अवस्थामा रहेको चैनपुर बसपार्क लाई आबस्यकता अनुसार व्यबस्थित गर्न आधुनिक

बसपार्कमा परिणत गर्न भवन डिभिजन कार्यालय वैतडी र सहरी विकास मन्त्रालयमा अनुरोध गरी बसपार्क व्यवस्थित गर्न लगाईने छ ।

- देवलजिउला, गोलाई जिउला सिचाईकुलो र ओरेली खानेपानी योजना निर्माणका लागि सम्बन्धित निकायमा पहल गरि निर्माण गर्न लगाईने छ ।
- यस नगरभित्रका स्वास्थ्यचौकिहरुका भवन निर्माणका लागि केन्द्रिय स्तरमा पहल गरिने छ ।

**१७ विविध :**

- जथाभाविरुपमा अनुमति नलिएरखोलिएका मदिरा पसल वाट रक्सि सेवन गरि सोवाट हुने दुर्घटना र बिसंगति हरु वढ्दै गएको र नगरका केही वडा हरुले मदिरा मुक्त वडा समेत घोषणा गरिसकेको हुँदा सो कार्यको श्राहाना गर्दै मदिरा नियन्त्रणको लागि बजार अनुगमन कार्यलाई वढवा दिइने छ र नयाँ मदिरा पसल खोल्न सिफारिसमा नियन्तण गरिने छ । साथै मदिरा सेवनलाई निश्चित समय र अवधिभित्र मात्र वेचविखन गर्न पाईने गरि सञ्चालन गर्न सम्बन्धित निकाय संग समन्वय गरि लागु गरिने छ ।
- नगरवासीको सेवासुविधालाई ध्यानमा राखि शार्वजनिक यातायात सेवालाई थप व्यवस्थित गरिने छ ।
- नगरभित्र युवा सचेतना अभियान कार्यक्रम सञ्चालन गर्न लगाई युवा स्वरोजगार कार्यक्रम लाई प्राथमिकता दिईने छ ।

**यसपछि म आ.व. २०७४/०७५ को वास्तविक आयव्यय र आ.व. २०७५/०७६ को प्रस्तावित आयव्ययको प्रकाश पार्न चाहन्छु ।**

**(क) आ.व.२०७४।७५को वास्तविक आय व्यय**

विगत आ.व.हरुमा यस जयपृथ्वी नगरपालिकाको लागि चालु अनुदान ,पुजिगत अनुदान, शसर्त अनुदान निशर्त अनुदानमा विभिन्न व.शी.नं.हरु मार्फत अख्तियारी प्राप्त हुदै आएकोमा स्थानीय तहको निर्वाचन मार्फत स्थानीय सरकारले नै स्रोतसाधनको वाडफाड तथा संचालन गर्नेगरी हाल समानीकरण वजेटमा रु. **१८,५३,७७,०००।०** तथा अन्तरसरकारी वित्तिय हस्तान्तरण अनुदानमा रु. **१३,,८७,८९,०००।०** गरी चालु आ.व. २०७४।७५ को लागि रु. **३२,४१,६६,०००।०** को अख्तियारी वमोजिम समानीकरण अन्तरगत जिल्ला कृषि विकास कार्यालयका विभन्न कार्यक्रममा रु. **१,१९,३६,०००।०**, जिल्ला पशु सेवा कार्यालयका विभिन्न कार्यक्रममा रु. **४०,१३,४००।०** सिचाई मर्मत आयोजनाको लागि **१८,००,००।०,** भुसंरक्षण कार्यक्रमको लागि रुं **५,७५,०००।०** नगरपालिकाको प्रशासनिक एव. पूजिगत खर्चमा रु.**१६,७०,५२,६००।०** तथा अन्तरसरकारी वित्तीय हस्तानतरण अन्तरगत सशर्त अनुदान मध्ये पशुसेवाको लागि एकगाउएक

प्राविधिकको लागि रु.**२,९५,४००।०** शिक्षातर्फ प्रा.वि.रु.**६,३२,,३६,०००।०** मा.वि. शिक्षाक तलव भत्ताको लागि रुं **१,८४,३९,०००।०** विद्यालय सुकधार कार्यक्रमको लागि रु. **१,२३,७०,०००।०** जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको लाीग **३८,५५,०००।०** जिल्ला स्वास्थ्य कार्यलयको लागि रु. **४,११,८७,०००।०** को वजेटको व्यस्था गरिएको छ । विगत आ.व. मा फ्रिज नभै वाकी रहन गएको रु. **२,०६,,८५,०५२।९१**, आन्तरिक करदस्तुर, राजहववाट रु. **५२,९०,०००।०** गतको वैक वाकी रु. **१३,१३,५३०।६८** सामाजिकसुरक्षामा रु. **४,५५,९५,०००।०** गरी चालु आ.व. २०७४।७५को लागि कूल **३९,७०,४९,५८३।५९** को आयअनुमान पेश गरेको छु ।

त्यस्तै व्यय अनुमान तर्फ समानीकरण अन्तरगत जिल्ला कृषि विकास कार्यालयका विभन्न कार्यक्रममा रु. **१,१९,३६,०००।०**, जिल्ला पशु सेवा कार्यालयका विभिन्न कार्यक्रममा रु. **४०,१३,४००।०** सिचाई मर्मत आयोजनाको लागि **१८,००,००।०,** भुसंरक्षण कार्यक्रमको लागि रुं **५,७५,०००।०** नगरपालिकाको प्रशासनिक एव. पूजिगत खर्चमा रु.**१६,७०,५२,६००।०** विभिन्न भुक्तानी दिन वाकी योजनाको लागि **रु.२,१९,९८,८३५।५९ सामाजिक सुरक्ष कार्यक्रममा रु. ४,७०,६८,०००।०** तथा अन्तरसरकारी वित्तीय हस्तानतरण अन्तरगत सशर्त अनुदान मध्ये पशुसेवाको लागि एकगाउएक प्राविधिकको लागि रु.**२,९५,४००।०** शिक्षातर्फ प्रा.वि.रु **८,६३,४८,५५०।०** मा.वि. शिक्षाक तलव भत्ताको लागि रुं **३,०८,०९,५००।०** विद्यालय सुकधार कार्यक्रमको लागि रु. **१,२३,७०,०००।०** जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको लाीग **४०,५५,०००।०** जिल्ला स्वास्थ्य कार्यलयको लागि रु. **६,०६,२३,०००।०** गरी जम्मा रु.**४४,८६,५०,,६८५।५९** को व्यय अनुमान पेश गरेको छु । यसरी आय अनुमान रु. **३९,७०,४९,५८३।५९ को तुलनामा व्यय अनुमानरु. ४४,८६,५०,६८५।५९** पेश हुदा न्युन हुन जाने रकम शिक्षा तर्फ प्रा.वि. शिक्षक तलवभत्तामा रु. **२,३१,१२,५५०।०** ,मा.वि. शिक्षक तलवभत्तामा रु. **१,२३,७०,५००।०** जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको लाीग **रु. २,००,०००।०,** जिल्ला स्वास्थ्य कार्यलयको लागि रु. **१,९४,८६,०००।०** ुसामाजिक सुरक्षा कार्यक्रममा **रु.१४,,७३,०००।० गरी रु. ५,२१,८४,०५०।० थप निकासाको लागि सम्वन्धित निकायमा माग गरी न्युन व्यय पूर्ति गरिने छ ।**

**(ख) .आ.ब.२०७५।०७६ को प्रस्ताबित आय ब्यय:**

आगामी आ.व. २०७५।७६ को लागि समानीकरण अन्तरगत जिल्ला कृषि विकास कार्यालयका विभन्न कार्यक्रममा रु. **१,३१,२९,६००।०,** जिल्ला पशु सेवा कार्यालयका विभिन्न कार्यक्रममा रु. **४४,१४,७४०।०** सिचाई मर्मत आयोजनाको लागि **१९,८०,०००।०,** भुसंरक्षण कार्यक्रमको लागि रुं ६,**३२,५००।०** नगरपालिकाको प्रशासनिक एव. पूजिगत खर्चमा रु.**१७,५४,०५,२३०।० सामाजिक सुरक्ष कार्यक्रममा रु. ४,९४,२१,४००।० ।आनतरिक करदस्तुर राजश्व वाडफाडका रु. ५४,२५,५००।०** तथा अन्तरसरकारी वित्तीय हस्तानतरण अन्तरगत सशर्त अनुदान मध्ये पशुसेवाको लागि एकगाउएक प्राविधिकको लागि रु.**२,९५,४००।०** शिक्षातर्फ प्रा.वि.रु **८,६३,४८,५५०।०** मा.वि. शिक्षाक तलव भत्ताको लागि रुं **३,०८,०९,५००।०** विद्यालय सुकधार कार्यक्रमको लागि रु. **२,२३,७०,०००।०** जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको लाीग **४२,५५,०००।०** जिल्ला स्वास्थ्य कार्यलयको लागि रु.**७,,०६,२३,०००।०** गरी जम्मा रु. **४६,४३,७७,९२०।०** को आयव्यय अनुमान पेश गरेको छु ।

अन्तमा नगरपालिका क्षेत्रभित्र यसवर्षको वाडीपहिरो जस्ता दैवि प्रकोप वाट घरजग्गा पशुचौपाया तथा धनजनको क्षतिग्रस्त परिवारजन प्रति दुःख व्यक्त गर्दछु जुनसुकै कारणले मृत्युहुनुहुने मृतकजन प्रति भावपूर्ण श्रद्धाञ्जलीका साथ मृतक आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार जनप्रति समवेदना व्यक्त गर्न चाहान्छु । साथै हाल नगरक्षेत्रभित्र विभिन्न कामकाज को सिलसिलामा अंगभंग हुने र विरामि भई उपचारको क्रममा रहनु भएका सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरु को सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**॥ धन्यवाद ॥**

बिरेन्द्र बहादुर खड्का
नगर प्रमुख
जयपृथ्वी नगरपालिका बझाङ्ग